जि.प्र.का. सप्तरी द.नं. ३९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १९४ २०८१ साल फागुन १९ गते सोमबार (3 Mar. 2025 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : 'देशी गाई'को महत्व जगाउन ... ३ पृष्ठमा : "सिरहा घटनामा संलग्नलाई ... ३ पृष्ठमा : युरोपेली नेताहरू ...

# बिटौरी र ब्लक जग्गाको लालपूर्जासहित विभिन्न सात बुंदे माग राख्दै राजविराज बन्द




**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

बिटौरी र ब्लक जग्गाको लालपूर्जासहित विभिन्न सात बुंदे माग राख्दै राजविराज नगरवासी आईतवार संघर्ष समितिको आह्वानमा बजार बन्द गरी सडक संघर्षमा उत्रेका छन् ।

पुस्तौ देखी बिटौरी र ब्लक जग्गामा वसोवास गर्दै आएका राजविराज नगर पालिकाका वासिन्दाहरु उक्त समस्या समाधानको माग गर्दै यस अघि दर्जनौ पटक राजविराज नगरपालिका तथा प्रमुख जिल्ला अधिकारी मार्फत सरोकारवाला निकाय र प्रधानमन्त्रीसम्म ज्ञापन पत्र पठाइ ध्यानाकर्षण गराउँदा पनि कुनै सुनवाइ नभएका भन्दै बाध्य भइ चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणासहित सडक संघर्षमा उत्रेको संघर्ष समितिले जनाएको छ ।

पूर्वघोषित कार्यक्रम अनुसार नगरवासीद्वारा गठित संघर्ष समितिका संयोजक ईरसाद अन्सारी, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, उधोग वाणिज्य संघ सप्तरीका माहासचिव अमृत संचेती, राष्ट्रिय मुक्ती पार्टीका केन्द्रिय सदस्य गजेन्द्र कुमार मण्डल, जिल्ला इर्न्चाज दिपेन्द्र चौधरी, नेपाली काँग्रेसका युवा नेता शम्भुलाल देव, प्रभात ललन, अनिल देव, लोसपाका नेता राम अशिष प्रसाद साह लगायतको अगुवाईमा सयौंको संख्यामा निस्केको जुलुस प्रर्दशन सहित बजार बन्दको आह्वान गर्दै सडकमा निस्केका थिए ।

बन्द आह्वानकर्ताले राजविराजको अन्य समस्या पनि समाधानको माग गरेका छन् । राजविराज हटियामा निर्माणाधीन व्यवसायिक कम्प्लेक्स अविलम्व पुरा गरी व्यवसायीलाई हस्तान्तरण, साकेत पार्क निर्माण, राजरंगशालाको स्तरोन्नती लगायत माग पनि उनीहरुले अघि सारेका छन् ।

बजार बन्द गरी बीच सडक मै बेन्चले घेरेर टायर बाल्न खोज्दा केही बेर प्रदेशनकारी र प्रहरी बीच घम्साघम्सी चलेको थियो । सो क्रममा प्रहरीको लाठी लागेर प्रर्दशनकारी एवं राष्ट्रिय मुक्ती पार्टीका केन्द्रीय सदस्य समेत रहेका जिल्ला इर्न्चाज दिपेन्द्र चौधरीको हातमा चोट लागेको छ ।

प्रहरीले टायर बाल्न अवरोध गरेपछि प्रतिवाद गर्दा तीन जना प्रर्दशनकारीलाई चोटपटक लागेको संघर्ष समितिका संयोजक इरसाद अन्सारीले जानकारी दिए ।

***बाँकी अन्तिम पृष्ठमा***

## समस्या समाधानका लागी १५ दिनको समय, नौं सदस्य समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

आन्दोलन चर्किदै जादा आइतवार नै राजविराज नगरपालिकाको पहलमा संघर्ष समितिका पदाधिकारीसहित सर्वदलिय बैठकको आयोजना गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहाल तथा सुरक्षा निकायका प्रमुखसहित सहभागी बैठकबाट उक्त समस्या समाधान गर्न नगरपालिकाको अधिकृतको नेतृत्वमा ९ सदस्यीय समिति गठन गरिएको छ ।

समितिमा नापी कार्यालय, भुमिसुधार तथा मालपोत कार्यालय, भुमि समस्या समाधान आयोग र वडा अध्यक्षबाट १/१ तथा संघर्ष समितिबाट दुई जना प्रतिनिधी राखिएको छ ।

१५ दिने समय सीमा तोकिएको उक्त समितिले निर्धारित समय भित्रै समाधानका उपायसहित प्रतिवेदन बुझाउने र त्यसपछी नगरपालिकाले आवश्यक प्रकिया सुरु गरी संघर्षरत पक्षको माग सम्बोधन गर्ने सहमति बनेको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले जानकारी दिइन् ।

# एउटै पालिका तीन फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

सप्तरी प्रहरीले अदालतबाट विभिन्न मुद्दामा सजाय जरिवाना तोकिएर फरार रहेका एउटै पालिका तीन जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा ५० देखी ५ सय रुँपैया जरिवाना तोकिएका फरार प्रतिवादीहरु छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार किर्ते जालसाजी मुद्दामा सप्तरी जिल्ला अदालतबाट ५० रुँपैया जरिवाना तोकिएर फरार रहेका जिल्लाको रुपनी गाउँपालिका २ निवासी नन्दलाल मण्डल छन् ।

यस्तै अदालतको हवहेलना मुद्दामा सोही गाउँपालिका वडा नं. २ का रामसुन्दर मण्डल खत्वेलाई एक सय तथा सोही पालिकाका भोगेन्द्र मण्डललाई कुटपिट मुद्दामा पाँच सय जरिवाना तोकिएर फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ परेका तीनै जनालाई आइतबार सप्तरी जिल्ला अदालत राजविराजमा उपस्थिति गराई जरिवाना दाखिला गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# पर्सामा कुखुराको पैठारीमा पूर्ण रोक

पर्सा, १८ फागुन (रासस) ।

जिल्ला प्रशासन कार्यालय पर्साले छिमेकी मुलुक भारतमा वर्डफ्लूको प्रकोप फैलिएपछि सीमावर्ती भारतीय भूमिबाट कुखुरा, चल्ला र सेतो अण्डा आयातमा पूर्ण रोक लगाएको छ ।

प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गणेश अर्यालको अध्यक्षतामा आइतबार सरोकार भएकाहरूसहितको बैठकले यस्तो निर्णय गरेको हो ।

प्रजिअ अर्यालले सीमावर्ती क्षेत्रमा वर्डफ्लूको प्रकोप देखिएकाले उच्च सावधानी अपनाउँदै कुखुरा तथा कुखुराजन्य उत्पादनको पैठारीलाई रोक लगाउने निर्णय गरेको बताउनुभयो । "आन्तरिक बजारमा यस्ता वस्तुको उपभोग एवं बेचबिखन कार्यलाई निरुत्साहित गर्न तत्काल संयुक्त अनुगमन गर्ने र सीमा क्षेत्रमा थप निगरानी बढाउने निर्णय गरिएको छ", उहाँले भन्नुभयो ।

बैठकले भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र, पर्साका प्रमुख डा राजकुमार शाहको संयोजकत्वमा 'र्‍यापिड एक्सन टिम' गठन गर्ने निर्णय गरेको छ । सदस्यमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि कृष्णाकुमार कुशवाहा, वीरगञ्ज उद्योग वाणिज्य सङ्घका शिवानी कलवार, नेपाल प्रहरीका, सशस्त्र प्रहरी बल नेपालका प्रतिनिधि र नेपाल लेयर्स कुखुरापालक सङ्घका प्रतिनिधि रहने गरी टोली गठन गरिएको हो ।

सो टोलीलाई सोमबारबाट अनुगमन सुरु गर्ने र त्यसक्रममा प्राप्त वस्तुस्थितिका आधारमा सम्बन्धित पक्षलाई कारबाही र त्यसको प्रचारप्रसार गर्ने प्रकाशन तथा प्रसारण गर्ने कार्यादेश दिइएको छ ।

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### लागुऔषधले चुनौती दिँदै

लागु औषधले ठूलो चुनौती दिँदै आएको छ । मुलुकभरी लागूऔषधको प्रयोगकर्ता समेत बढ्दै गएको छ । खासगरी कलिला उमेरका नाबालक र बालबालिकाहरु यसप्रति निकै आकर्षित हुँदैछन् । चुरोट, गाँजाबाहेक इन्जेक्शन लिने क्रम पनि बढ्दै गएको छ सप्तरी जिल्लामा । सदरमुकाम राजविराजमा लागुऔषध सेवन गर्नेहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ भने ग्रामिण भेगहरुमा पनि यसतर्फ बालबालिका तथा युवा उमेर समूहका व्यक्तिहरु यो प्रयोग गर्न अगाडि बढ्दै गएका छन् । समयमै यसप्रति ध्यान नदिइए त्यस्ता बालबालिकाको अवस्था गम्भीर बन्दै जानेमा दुईमत नहोला ।

कम उमेरमै चुरोट, सुर्ती, भाँगसहित बिभिन्न किसिमको नशा प्रयोग गर्नेको संख्यामा बृद्धि हुँदै जाँदा बालबालिकाहरु पनि लुकीछिपी लागूऔषध प्रयोग गरिरहेका छन् । यसतर्फ अभिभावकहरुले खासै ध्यान दिन सकेको अवस्था छैन् । विद्यालयका शिक्षकहरु पनि यस्ता कामहरुबाट अनभिज्ञ जस्तै देखिएका छन् । यदी अभिभावक, शिक्षक र अन्य सरोकारबाला यस्तै किसिमले मौन रहे भने अवस्था भयावह हुँदै बालबालिकाहरुको भविष्य पनि खराब बन्न सक्ने भएकाले यसतर्फ सबैको ध्यान जानु आवश्यक छ ।

तसर्थ बालबालिकाको बिषयमा खासै ध्यान नदिइरहेका अभिभावकहरुले बालबालिकासँगै आफ्नो भविष्य पनि खराब हुन सक्ने भएकाले गलत गतिविधीतर्फ आकर्षित भइरहेका छन् की छैनन् भन्ने कुराप्रति सचेत बन्नु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘देशी गाई’को महत्व जगाउन ‘जनकधाम’

**टीकाराम सुनार**

काठमाडौँ, १८ फागुन (रासस) ।
हिन्दू संस्कारमा गाईको महत्व जन्मेदेखि मृत्युपर्यन्त छ । पञ्चगव्य अर्थात् दूध, दही, घ्यू, गहुँत (गौमुत्र) र गोबर विविध संस्कारमा प्रयोग हुने कुरा आम नेपालीका लागि नौलो विषय होइन । धर्मसंस्कार र आयुर्वेदमा मात्रै होइन, आधुनिक विज्ञानले पनि पञ्चगव्यको महत्व प्रमाणित गरिसकेको छ ।

पश्चिमा देशहरूमा विस्तारै गाईको महत्वबोध हुन थालेसँगै भएको गाईमा आधारित चिजवस्तुको प्रयोगका विषयमा थुप्रै प्रयास तथा अनुसन्धान भएका छन् । कतिपय देशले अनुसन्धानबाट प्रमाणित तथ्यलाई आत्मसात् गर्दै गोमुत्रबाट एण्टिबायोटिक, एण्टिफङ्गल, एण्टिक्यान्सरजस्ता औषधि बनाएर बौद्धिक अधिकार लिइसकेका छन् । पञ्चगव्यका अन्य तत्वहरूको उपयोगबाट थुप्रै औषधीय लाभ लिएका छन् । गाईको महिमा र पहिचान भएकै क्षेत्रमा भने यसको महत्वबोध हुनसकेको छैन । गाईपालन केवल ‘डेरी’ र ‘गाई फार्म’ संस्कृतिको अंशमा सीमित छ, त्यो पनि विकासे ‘जर्सीवाला’ । रैथाने ‘देशी गाई’ लोपोन्मुख अवस्थामा छन् ।

अभियन्ता कुशलेन्द्र झा भने यहाँको रैथाने गाई सङ्कटमा पर्दै गएकामा चिन्तित हुँदै यसको संरक्षण र महत्व प्रसारको अभियानमा जुट्नुभएको छ । विगतमा प्राकृतिक जीवन पद्धतिको आधारका रूपमा रहेको गाईपालन संस्कृति हराउँदै जाँदा त्यसको मारमा सिङ्गो जगत् पर्दै गएको आत्मबोध गर्दै उहाँ यस अभियानमा लाग्नुभएको छ । “रैथाने गाई नेपालको पहिचान र जीवनशैली नै हो । यससँग प्राकृतिक जीवनचक्र जोडिएको छ भन्ने कुरा बिर्सिंदा अचेल गाईपालन संस्कृति लोप हुँदैछ । जसकारण मानव स्वास्थ्य नै सङ्टोन्मुख छ”, उहाँ भन्नुहुन्छ ।

गाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिस्थितिकीय प्रणालीसँग अभिन्न रूपमा जोडिएको छ । गाई आधारित उत्पादनहरू (गाईप्याथी), आयुर्वेद, पञ्चगव्य र प्राकृतिक चिकित्सासँग पनि जोडिएकाले शरीर, मस्तिष्क र आत्माको स्वास्थ्यमा यसको अतुलनीय योगदान रहेकामा सबैजसोको मत छ । व्यावसायिक उद्देश्य मात्रै राखेर पालन गरिएका ‘विकासे गाई’ले भने यो महत्व बोक्न सक्दैनन् । “जेनेटिकल्ली मोडिफाइ गरेर जर्सी, होलिस्टिनजस्पस्ता विकासे गाई त बनाइयो तर त्यसको कुनै पनि उत्पादन हाम्रो देशी गाईको जस्तो हुँदैन । पचास वर्ष पहिले न्युजिल्याण्डका वैज्ञानिकले त्यस्ता गाईको दूधमा मानव स्वास्थ्यका लागि लाभदायक छैन भनेर पत्ता लगाइसकेका छन् । त्यसैले धेरै दूध दिन्छ भनेर रमाउने कि स्वस्थ जीवनका लागि, यो हरेकले सोच्नुपर्ने बेला आइसकेको छ”, झाले उल्लेख गर्नुभयो ।

नेपालमा भने रैथाने गाईपालन प्रचलन निरन्तर हराउँदैछ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार पछिल्लो १० वर्षमा गाई पाल्ने किसानको सङ्ख्यामा ठूलो गिरावट आएको छ । सो तथ्याङ्कानुसार देशमा १७ लाख आठ हजार परिवारले गाई-गोरुपालन गरिरहेका छन् । २०६८ सालको तुलनामा पाँच लाख ७३ हजार परिवारले कम हो । त्यसताका २२ लाख ८१ हजार परिवार यसमा सङ्लग्न थिए । विवरणअनुसार विगत १० वर्षमा १८ लाख सात सय ७१ हजार गाईगोरु घटेका छन् । पछिल्लो गणनामा नेपालभर गाईगोरुको सङ्ख्या ४५ लाख ५९ हजार रहेको छ जबकि २०६८ सालमा यो सङ्ख्या ६४ लाख ३० हजार रहेको थियो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको ‘व्यावसायिक पशुपालन एकीकृत सर्वेक्षण २०७८’ ले देशभर छ हजार चार सय ८६ व्यावसायिक पशुपालन फार्म रहेको तथ्य देखाएको थियो । त्यसमध्ये गाई फार्म एक हजार दुई सय ३३ थिए । उन्नत जातका गाईको सङ्ख्या ७५ प्रतिशतभन्दा बढी छ । यसले पनि नेपालमा करिब २५ प्रतिशतको हाराहारीमा मात्रै रैथाने देशी गाई रहेका देखाउँछ ।

“थोरै दूध दिने १० वटा गाई पाल्नुभन्दा धेरै दूध दिने एउटै भैँसी वा जर्सी, होलिस्टिन गाई पाल्दा सजिलो मान्न थालिएको छ, जबकि यिनको दूध मानव स्वास्थ्यका लागि फाइदाजनक छैन भन्ने गरिएको छ”, अभियन्ता झाले भन्नुभयो, “तर देशी गाईको एक लिटर दूधमात्रै अमृत समान हुन्छ, त्यसको नियमित सेवनले क्यान्सर प्रतिरोधी क्षमता विकास गर्ने कुरा प्रमाणित नै छ । घरमा एउटा मात्रै यस्तो गाई भएमा धेरै रोगव्याधी र समस्या समाधान हुन्छ भनेर विज्ञानले नै भनेको छ । शास्त्रको कुरा बेग्लै हो । प्राकृतिक गाईबाट बनेका पञ्चगव्यको महत्व नै बेग्लै छ । यो कुरा बुझ्नुपर्‍यो ।”

यो कुरा बुझाउन सरकारी तवरबाटै पहल हुनुपर्थ्यो तर उल्टै धेरै दूध दिने गाईभैँसी पाल्न प्रोत्साहन गरिरहेको छ । नश्ल सुधारका नाममा विदेशी प्रजातिको नश्ललाई स्थानीय पशुमा वर्णशङ्कर गराउने अभियान निरन्तर चलिरहेको छ । यस्तो नीतिले स्थानीय नश्ल भने सङ्कटग्रस्त अवस्थामा पुगेका झाले बताउनुभयो । कतिपय रैथाने जातका पशुपन्छी लोप भइसकेका र कतिपय लोपोन्मुख अवस्थामा रहेका नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गतको राष्ट्रिय पशु प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्रको अध्ययनले नै देखाउँछ । केन्द्रका अनुसार हाल नेपालमा सात प्रजातिका पशुपन्छीका २५ वटा रैथाने नश्ल नेपालमा अस्तित्वमा छन् । संयुक्त राष्ट्रसङ्घको खाद्य एवं कृषि सङ्गठन (एफएओ)मा तराई गाई, पहाडी गाई, खैला गाई, सिरी, लुलु, अछामी नौमुठे र याक गरी सातवटा नश्ल सूचीकृत गरिएका छन् ।

**देशी गाईको महत्व**

“इतिहास पढ्दा गाई भारत वर्षमा मात्रै थियो, विदेशमा वा पश्चिमाहरूको देशमा कुनै गाई थिएन । त्यहाँ डेढ, दुई सय वर्ष पहिले यहीँबाट गाईको महत्व विस्तार भएको हो । पछि ‘जेनेटिक मोडिफाई’ गरेर जर्सी, एचएफ बनाएर विश्वव्यापी गरिएको छ । नेपालमा रहेका अधिकांश गाई तिनै प्रजातिका छन्”, झाले भन्नुभयो ।

देशी गाई नेपाल र भारतको एक महत्त्वपूर्ण दूधको स्रोत हो । यी गाईहरूले उत्पादन गर्ने दूध स्वास्थ्यका लागि अत्यन्त फाइदाजन हुन्छ । गाईमा आधारित पञ्चगव्यको आआफ्नै वैज्ञानिक महत्व छ । आधुनिक विज्ञानले नै यी उत्पादन विभिन्नि रोगहरूमा अचुक औषधिका रूपमा प्रयोग गर्न सकिने प्रमाणित गरिसकेको छ ।

जानकारहरूका अनुसार गाई मात्र एक त्यस्तो प्राणी हो, जसले अक्सिजन ग्रहण गरेर अक्सिजन नै छोड्छ । यसको मूत्रमा सुन, तामा, क्याल्सियम, पोटासियम, सोडियम, नाइट्रोजन, फास्फेट गरी करिब २४ वटा तत्व र क्यान्सर प्रतिरोधी औषधीय गुण, दूधमा रेडियो विकीरणबाट रक्षा गर्ने शक्ति हुनाका साथै मांसपेशी, छाला तथा रगतको विकासका लागि आवश्यक तत्व र त्यसबाट बनेका घ्यू, दही, मोही आदि स्वास्थ्यका लागि लाभकारी र आयुर्वेदिक औषधिमा प्रयोग गरिने गुण रहेको बताइन्छ ।

गोबरमा नाइट्रोजन, पोटासियम, कपर, मोलिब्डेनम, बोरक्स, कोबाल्ट सल्फेट, फस्फोरस, आइरन, म्यागनीज, बोरोन, सोडियम पाइने र यो बायोग्यास तथा प्राकृतिक मलको रूपमा प्रयोग हुने गरेछ । अभियन्ता झा त देशी गाई प्राकृतिक जीवनको मुख्य आधारको रूपमा रहेको दाबी गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, “देशी गाईलाई स्रोत बनाएर अगाडि बढेमा प्राकृतिक जीवज बाँच्न सकिन्छ । त्यसो नहुँदा पृथ्वी, जल, अग्नि, आकाश, वायु गरी पाँच तत्वले बनेको एकीकृत चक्र खल्बलिएको छ ।” पूर्वप्रधानमन्त्री बिपी कोइरालाले यदि नेपाल समृद्ध हुनु छभने हरेक घरमा एउटा गाई, एक हलगोरु र जोत्ने खेत भनेका थिए तर उहाँकै पार्टीले त्यो बिर्सिएको उहाँको भनाइ छ ।

**एउटा सिएको गोठालो बन्ने सपना**

कृषिप्रधान नेपालमा कृषिलाई नै हेय भावले हेरिन्छ । खेतीयोग्य जमिन बन्जर बन्दैछन् तर हरेक युवाका लागि विदेश अन्तिम सपना बन्दैछ । अभियन्ता झा भने आफ्नो सबै सम्भावना छोडेर चार वर्षदेखि गाईको गोठालो बन्ने सपना बुनिरहनुभएको छ ।

पेसाले चार्टर्ड एकाउन्टेन्ट ( सिए) । सुविधाका हिसाबले एक सम्पन्न जीवनशैली । नपुगेको केही छैन तर उहाँ प्राकृतिक जीवन नै हरेक मानिसको अन्तिम गन्तव्य हो भन्ने निष्कर्षसहित त्यसको अभ्यास आफैँबाट सुरुआत गरिरहनुभएको छ । “हाम्रोमा जसले गाई चराउँछ त्यसलाई हेयदृष्टिले गोठालो भनिन्छ, हेला गरिन्छ”, उहाँले भन्नुभयो । पछिल्लो समय अव्यवस्थित जीवनशैली, अप्राकृतिक भोजन, माटो नछुने संस्कृति हाबी हुँदा हरेक मान्छे सुख खोज्ने नाममा रोगको सिकार बन्दैछ ।

“हामीले सनातन मान्यता छोड्यौँ । खेतखलियान बर्सियौँ”, झा भन्नुहुन्छ, “मलाईचाहिँ यो स्वबोध भएको छ, जसले यस बाटोमा लाग्न प्रेरित गरेको छ । स्वास्थ्य हुनका लागि माटो वा प्रकृतिसँगै रम्नुपर्छ । यो संस्कारको रूपमा विस्तार गर्ने योजना छ ।”

यही स्वबोधले धनुषाको क्षीरेश्वरनाथ-८ दिगम्बरपुरमा ‘जनकधाम’ परियोजना सुरु भएको छ । बीस बिघामा फैलिएको यस धाममा हाल एक सय १० देशी गाईबाच्छा छन् । त्यहाँ २५ जनाले काम गरिरहेका छन् । गाईमा आधारित कृषि, हर्बल खेती, पञ्चगव्यको उपचार पद्धतिको विकास भइरहेको छ । रोचक त के छ भने त्यहाँ उत्पादित दूध दही बेचिँदैन । गोबर, गौमूत्र र दूधलगायत पञ्चगव्य र हर्बलको प्रयोग गरेर औषधिजन्य वस्तु उत्पादन हुन्छ । परियोजनाअन्तर्गन हाल ५० वटा गाईबाट दूध उत्पादन सुरु भइसकेका र आगामी तीन वर्षभित्र एक हजारसम्म पुर्‍याउने लक्ष्य रहेको सञ्चालक झाले सुनाउनुभयो । उहाँका अनुसार यहाँ होमकेयर, प्रसनल केयर, फुड र मेडिसिन गरी चार किसिमका उत्पादन भइरहेका छन् ।

“समाज र जीवनको जति पनि तप्का र आयाम छन्, त्योसँग गाईको सम्बन्ध कसरी जोडिएको छ भनेर प्रत्यक्ष अवलोकन गर्न मिल्ने गरी हामीले जनकधामको विकास गर्दैछौँ । धर्म, रोजगारी, युवा, औषधि, स्वास्थ्य, विद्यार्थी तालिम अभ्यासस्थल, शिक्षा, जैविक उत्पादन र प्रयोग एकै ठाउँमा देख्न सकिने बनाउँदैछौँ”, व्यवसायी झाले सुनाउनुभयो, “एग्रो, मेडिकल, आध्यात्मिक पर्यटनको विकास हाम्रो लक्ष्य हो । संसारभरिबाट जनकपुर हेर्न आएका मानिसलाई एकपटक जनकधाम हेर्नैपर्ने अवस्था निर्माण गर्ने गरी अगाडि बढ्दैछौँ ।”

पहिलो चरणमा गौ, गौ आधारित पञ्चगव्य र कृषि, दोस्रो चरणमा आयुर्वेद, नेचुरोप्याथी, फिजियोथेरापी र पञ्चगव्य उपचारका लागि अस्पताल, तेस्रो चरणमा जनककालीन सभ्यता तथा मिथिला संस्कृति झल्किने अवस्था निर्माण गरी भावी पुस्ताले अध्ययन गर्ने स्थल बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो । यो परियोजनाबाट कमाउनेभन्दा पनि आफू प्रकृतितर्फ फर्किने र अरुलाई पनि त्यो सन्देश दिने उद्देश्य रहेको झाको कथन छ । “घरमा एउटा देशी गाई भएमा स्वास्थ्यको बजेट शून्य हुन्छ । अचेल घरघरमा कुकुर छ तर गाई छैन । पहिले कुकुर घर बाहिर ढोकामा, गाई घरमा हुन्थ्यो तर अहिले गाई सडकमा, कुकुर ओछ्यानमा छ”, उहाँ भन्नुहुन्छ । सहरबजारका पनि आठ-दश परिवार मिलेर अलि टाढा गाई पाल्न सकिने उहाँको भनाइ छ ।

प्राकृतिक जीवनशैली र उद्यमशीलता विकासका साथै रैथाने गाई संरक्षणमा यसले उल्लेख्य टेवा पुग्ने विश्वास गरिएको छ । हाल गौशालामा एक सय १० वटा गाई छन्, दूध दिने १८ मात्रै । दूध त बोनस मात्रै हो । दूध गाईको मुख्य उत्पादन होइन, मुख्य कुरा गौमूत्र र गोबर हो । यो देखाउन जनकधाम बनेको बताइएको छ । रैथाने गाई मार्ने, दूधका लागि भनेर जर्सी गाई ल्याउने, दूध दिन छाडेपछि सडकमा फाल्ने, यो प्रवृत्तिविरुद्धको अभियानका रूपमा पनि जनकधामलाई लिने गरिएको छ ।

# 'सिरहा घटनामा संलग्नलाई कानुन बमोजिम कडा कारबाही हुन्छ'

काठमाडौँ, १८ फागुन (रासस)।

गृहमन्त्री रमेश लेखकले सिरहाको नवराजपुर गाउँपालिकामा १७ वर्षीया रिङ्कुकुमारी सदाको सामूहिक बलात्कारपछि मृत्युको घटनामा सङ्लग्नलाई कानुन बमोजिम कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरुले राख्नुभएको जिज्ञाशाको जवाफ दिँदै उहाँले भन्नुभयो, "रिङ्कु सदाको घटनामा जति पनि मानिस सङ्लग्न छन्, अपराधमा सङ्लग्न भएका मानिसलाई सक्रियताका साथ खोजतलास गर्ने, अनुसन्धान गर्ने र कानुन बमोजिम कडा कारबाही गर्नेमा पुनः प्रतिबद्धता व्यक्त गर्दछु।"

"विसं २०८१ माघ ३० गते सिरहाको नवरापुर गाउँपालिका-१ बस्ने रिङकुकुमारी सदा आफ्नै घरमा झुण्डिई मृत अवस्थामा फेला परेको, सो सम्बन्धमा सोही वडामा बस्ने अन्दाजी वर्ष १९ को टिङ्कु भन्ने रुपेश मण्डलविरुद्ध आत्महत्या दुरुत्साहन कसुरमा जाहेरी दरखास्त दिएकामा निजको नाममा पक्राउ पूर्जी जारी थियो," उहाँले भन्नुभयो।

मन्त्री लेखकले यही फागुन ८ गते मृतकको आमाको तर्फबाट आठ जनाको विरुद्धमा अपहरण गरी आफ्नो नियन्त्रणमा राखी सामूहिक तबरबाट जबरजस्तीकरणी गरी हत्या गरेको र पञ्चायतीद्वारा लेनदेन गरी मिलापत्रसमेत गर्न खोजेको अन्तर्गतको कसुर शीर्षक उल्लेख गरी पूरक जाहेरी प्राप्त भएको पनि जानकारी दिनुभयो।

पञ्चायतीमा सङ्लग्न तीन जनालाई पक्राउ गरी कानुन बमोजिमको प्रक्रिया अगाडि बढेको उल्लेख गर्दै उहाँले पूरक जाहेरी दरखास्तमा उल्लेख भएका आठजनाको नाममा पक्राउ पुर्जी जारी भएको संसद्लाई जानकारी गराउनुभयो। सो घटनाको समबन्धमा पीडकलाई पक्राउ गरी छिटोभन्दा छिटो कारबाहीको दायरामा ल्याउने गरी प्रहरीले सक्रियतापूर्वक खोजतलास गरिरहेको उहाँको भनाइ छ।

मन्त्री लेखकले नेहा रौनियार र सत्येन्द्र रामको अन्तरजातीय विवाह सम्बन्धमा उठेका प्रशनको जवाफ दिँदै सो घटनाको मुद्दामा राज्य पक्षबाट कुनैपनि हस्तक्षेप नभएको बताउनुभएको छ। "मुलुकी अपराधसंहिता २०७४ को कानुनी व्यवस्था अनुरुप भएको अनुसन्धान र कारबाहीको विषयमा नेपाल प्रहरीले सार्वजनिकरुपमा जानकारी गराइसकेको छ, यस मुद्दामा राज्य पक्षबाट हस्तक्षेप भएको छैन। नेहा रौनियार र सत्येन्द्र रामको सुरक्षा सरकारले गर्ने प्रतिबद्धता व्यक्त गर्दछु", उहाँले भन्नुभएको छ।

अन्तरजातीय विवाहको सम्बन्धमा गृह मन्त्रालय गम्भीर र अत्यन्तै संवेदनशील रहेको जनाउँदै उहाँले नेपालको संविधानले प्रत्याभूत गरेको छुवाछुत तथा भेदभावविरुद्धको हक एवं व्यक्तिका नैसर्गिक मानव अधिकारको रक्षा र त्यसको उपभोग गर्ने वातावरण निर्माण गर्ने कुरामा गृह मन्त्रालय क्रियाशील उल्लेख गर्नुभयो।

"म अत्यन्तै संवेदनशील छु। म कुनैपनि प्रकारको जातीय विभेद् र छुवाछुतको विरुद्धमा सधैँ रहनेछु र रहेको छु, म आबद्ध पार्टी नेपाली कांग्रेस जन्मकालदेखि नै जातीय विभेद् र छुवाछुतविरुद्ध रहेको पार्टी हो, म अहिले र जीवनभर प्रतिबद्ध रहेको कुरा निवेदन गर्न चाहन्छु", उहाँले भन्नुभयो।

मन्त्री लेखकले आफू वैयक्तिक स्वतन्त्रता र मानव अधिकार रक्षाका लागि विद्यार्थीकालदेखि लड्दै आएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "अन्तरजातीय विवाहप्रति पूर्वाग्रही भयो भन्नु मेरो जीवन मूल्य र आदर्शको अवमूल्यन हो भन्ने मैले ठानेको छु।"

यसै घटनालाई लिएर संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिका पदाधिकारीसँग भएको भेटमा आफूले दलितमाथि हुने विभिन्न प्रकारका भेद्भाव, उत्पीडन, छुवाछुतलगायतका घटनाको अनुसन्धानमा सहजीकरण गर्न प्रहरी प्रधान कार्यालयमा दलित डेस्क स्थापना गर्ने प्रतिबद्धता अनुसार कार्य पनि अगाडि बढाएको जानकारी दिनुभयो। मन्त्री लेखकले भन्नुभयो, "सो अनुसार डेस्क स्थापना भएको छ र ७७ जिल्लामा स्थापना भएका डेस्कलाई थप प्रभावकारीरुपमा सञ्चालन गर्ने व्यवस्थासमेत मिलाइएको छ, यसबाट सामाजिक कुरीतिका रुपमा समाजमा विद्यमान छुवाछुत तथा भेद्भाव हटाइ कानुन कार्यान्वयन तथा सुशासन अभिवृद्धिमा योगदान पुग्न जानेछ।"

# बजेट अभावमा गैंडा गणना अन्योलमा

चितवन, १८ फागुन (रासस)।

हरेक पाँच-पाँच वर्षमा गरिने गैँडा गणना बजेट अभावमा अन्योलमा परेको छ। दाताहरुको भरमा गणना गरिँदै आएकोमा यस वर्ष बजेट अभाव भएको हो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले निकुञ्जसँग काम गर्ने विभिन्न निकायसँग सहकार्य गरेर गैँडा गणना गर्दै आएका छन्। विभागका इकोलोजिष्ट तथा सूचना अधिकारी हरिभद्र आचार्यका अनुसार युएसएआईडीको जल जङ्गल परियोजनाले गैँडा गणनामा आवश्यक सामग्री खरिद गर्ने सहमति भएकामा कार्यक्रम स्थगित भएपछि गणना प्रभावित भएको हो। परियोजनाले सूचना जारी गरी सामग्रीहरु खरिद प्रक्रिया समेत अघि बढाइसकेको थियो।

निकुञ्जभित्र गणनाका क्रममा आवश्यक जिपिएस उपकरण, ल्यापटप, खाना पकाउने ठूला भाडाहरु, टेण्टलगायतका बन्दोबस्तीका सम्पूर्ण सामग्रीको खर्च सोही परियोजनाले बेहोर्ने भएको थियो। "परियोजनाले रु ५० लाख बराबरको सामग्री दिने तयारी थियो। गणना सम्पन्न गर्न रु एक करोड ५० लाख हाराहारी बजेट खर्च हुने अनुमान गरिएको छ", उहाँले भन्नुभयो।

जलजङ्गलसँगै विश्व वन्यजन्तु कोष नेपाल, जेडएसएल नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका सङ्घ संस्थासँगको साझेदारीमा गणना गर्ने तयारी गरिएको थियो। उहाँका अनुसार आगामी चैतभित्रमा गणना गरिसक्नुपर्ने हुन्छ। चैत ५ गतेदेखि २५ गतेसम्म गणना गरेर वैशाखको पहिलो साता नतिजा सार्वजनिक गर्ने तयारी गरिएको थियो। उहाँले भन्नुभयो, "चैत महिना कटेपछि गणना गर्न सकिँदैन। कम्तीमा १० दिन पूर्वतयारी गर्नुपर्छ।"

अन्तिम समयमा आएर दातृ निकायको कार्यक्रम अन्योलमा परेपछि विभागको गणना कार्यक्रम प्रभावित हुने देखिएको उहाँले बताउनुभयो।

विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले दाताको सहयोगको अन्योलताले अन्तिम तयारीका बेला गणना प्रभावित बनेको बताउनुभयो। यस विषयमा मन्त्रालयमा छलफल गरेर बजेट प्राप्त हुन सकेमा काम हुने अन्यथा स्थगन गर्न बाध्य हुने उहाँको भनाइ छ।

आउँदो वर्ष बाघ गणना गर्नुपर्ने हुन्छ। दुवै कार्य एकै पटक सम्भव नहुने भएकाले यस वर्ष गैँडा गणना गर्न सकेमा अर्को वर्ष बाघ गणना गर्न सहज हुने उहाँको भनाइ छ।

गैँडाको अनुगमन भइरहेको भएपनि यकिन तथ्याङ्क र अवस्था पत्ता लगाउन गणना गर्ने गरिन्छ। सन् २०२१ मा गैँडा गणना गरिएको थियो। गणनासँगै कुन क्षेत्रमा कति गैँडा छन् यकिन हुने र व्यवस्थापनमा सहज हुन्छ।

चितवन, पर्सा, बर्दिया र शुक्ला फाँटामा राष्ट्रिय निकुञ्जमा एक सिङ्गे गैँडा छन्। तीमध्ये सबैभन्दा बढी चितवनमा छन्। सन् २०२१ को गणना अनुसार नेपालमा गैँडाको सङ्ख्या ७५२ पुगेको छ। एकसिङ्गे गैँडाको संख्या सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६९४ रहेको छ।

नेपालमा सन् १९५० मा ८००, सन् १९५५ मा ४००, सन् १९६० मा ३००, सन् १९६५ मा १००, सन् १९७० मा १०८, सन् १९७५ मा १४७, सन् १९८० मा ३१०, सन् १९८५ मा ३१०, सन् १९९० मा ३५८, सन् १९९५ मा गैँडा ४६६ रहेको विभागको तथ्याङ्क छ। यसैगरी सन् २००० मा ६१२, सन् २००५ मा ४०९, सन् २०१० मा ४३५ र सन् २०१५ मा ६४५ पुगेको थियो।

# वीरगञ्ज नाका हुँदै सात महिनामा रु आठ अर्ब ६८ करोड मूल्य धान-चामल आयात

पर्सा, १८ फागुन (रासस)।

वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु आठ अर्ब ६८ करोड मूल्य पर्ने २२ करोड ६४ लाख आठ हजार दुई सय २९ किलोग्राम धान आयात भएको छ।

गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा धानको आयात ७२ प्रतिशतले वृद्धि भएको हो। गत आवको सोही अवधिमा यो नाका हुँदै रु चार अर्ब ९१ करोड मूल्य पर्ने १३ करोड १८ लाख ५९ हजार चार सय १६ किलोग्राम धान आयात भएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवको सात महिनामा धान र चामलको आयातमा वृद्धि भएको बताउनुभयो। "गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा धान-चामलको आयात बढेको देखिन्छ।"

कृषिप्रधान मुलुक नेपालमा धान मात्र नभएर चामल पनि विदेशी मुलुकबाट आयात हुँदै आइरहेको छ। चालु आवको सात महिनामा यो नाका हुँदै रु एक अर्ब ३५ करोड मूल्यको एक करोड ३३ लाख ७४ हजार आठ सय २६ किलोग्राम चामल आयात भएको छ।

जबकि गत आवको सोही अवधिमा भने रु एक अर्ब छ करोडको ८१ लाख १७ हजार एक सय ३० किलोग्राम चामल आयात भएको थियो। चालु आवको सात महिनामा रु दुई अर्ब ९६ करोड मूल्यको पाँच करोड ७७ लाख १४ हजार पाँच सय ८३ किलोग्राम मकै आयात भएको छ।

जबकि गत आवको सोही अवधिमा भने रु दुई अर्ब ९७ करोड मूल्य पर्ने छ करोड ६० लाख ४९ हजार नौ सय ७२ किलोग्राम मकै आयात भएको थियो। गत आवको तुलनामा चालु आवको सोही अवधिमा मकैको आयातमा भने सामान्य गिरावट देखिएको छ।

## विश्व समाचार

# युरोपेली नेताहरू लन्डन शिखर सम्मेलनमा युक्रेनलाई समर्थन बढाउन तत्पर

लन्डन, १८ फागुन (रासस/एएफपी)।

किएभ र वासिङ्टनबीचको आश्चर्यजनक झडपपछि युक्रेनका लागि सुरक्षा सहयोग र समर्थन बढाउन खोज्दै सङ्कट वार्ताका लागि आइतबार लन्डनमा एक दर्जनभन्दा बढी युरोपेली नेताहरू भेला हुँदैछन्।

युक्रेनका सहयोगीहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूससँगको वार्तामा किएभलाई कमजोर पार्न लागेको बढ्दो चिन्ताको सामना गर्न आफ्नो दृढ प्रतिबद्धतालाई जोड दिइरहेका छन्।

ह्वाइट हाउसबाट निकालिएको भोलिपल्ट युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई शनिबार डाउनिङ स्ट्रिटमा न्यानो स्वागत गरिएको थियो।

उहाँले क्यामेराको सामुन्ने बेलायती प्रधानमन्त्रीलाई दुई पटक अँगालो हाल्नुभयो र रूसको आक्रमणबाट तीन वर्षभन्दा बढी समयदेखि बचाउ गर्दै आएको रक्षा क्षमता बढाउन ऋण सुरक्षित गर्नुभयो।

"म युद्धको शुरुआतदेखि नै अत्यधिक समर्थनका लागि बेलायतका जनता र सरकारलाई धन्यवाद दिन्छु", जेलेन्स्कीले भन्नुभयो, "हामी यस्ता रणनीतिक साझेदारहरू पाएर र सबैका लागि सुरक्षित भविष्य कस्तो हुनुपर्छ भन्नेबारे एउटै दृष्टिकोण साझा गर्न पाउँदा खुसी छौँ।"

सुरक्षा शिखर सम्मेलनमा युरोपेली सहयोगीहरूको समूहमा सामेल हुनुअघि उहाँले आइतबार राजा चार्ल्स तृतीयलाई भेट गर्नुहुने कार्यक्रम छ। यस बैठकले फ्रान्स, जर्मनी, डेनमार्क र इटालीका साथै टर्की, नाटो र युरोपेली सङ्घ (इयु) लगायत महादेशीय युरोपका नेताहरूलाई एकसाथ ल्याउँदैछ।

बेलायती प्रधानमन्त्री किर स्टार्मरले भन्नुभयो, "अब युक्रेनका लागि सर्वोत्तम परिणाम सुनिश्चित गर्न, युरोपेली सुरक्षाको रक्षा गर्न र हाम्रो सामूहिक भविष्य सुरक्षित गर्न हामी एकजुट हुने समय हो।"

डाउनिङ स्ट्रिटले आइतबारको शिखर सम्मेलनले फेरि 'स्थायी शान्ति प्रदान गर्ने बलियो स्थायी सम्झौताको' आवश्यकतालाई जोड दिने र 'बलियो सुरक्षा ग्यारेन्टीका लागि योजना बनाउने अर्को कदमहरू' बारे छलफल गर्ने बताएको छ।

संयुक्त राज्य अमेरिकाले नाटोलाई निरन्तर समर्थन गर्नेछ कि छैन भन्ने बारे चिन्ता बढ्दै गर्दा बेलायतमा हुने यो भेलाले युरोपेली रक्षा सहकार्य बढाउने आवश्यकतालाई पनि सम्बोधन गर्नेछ।

# निजी अमेरिकी अन्तरिक्ष यान चन्द्रमामा अवतरण

वासिङ्टन, १८ फागुन (रासस/एएफपी)।

अन्तरिक्षमा लामो यात्रापछि एक अमेरिकी कम्पनी साहसी चन्द्रमामा अवतरण गरेको छ। यसको अन्तरिक्ष यान सफल भएपछि यो उपलब्धि हासिल गर्ने दोस्रो निजी अवतरणकर्ता बनेको छ। फायरफ्लाई एरोस्पेसको ब्लु घोस्ट मिशन १ ले आइतबार बिहान ३:३४ बजे अमेरिकी पूर्वी समय (०८३४ जिएमटी) भन्दा अघि अवतरण गर्ने लक्ष्य राखेको छ। यसले मोन्स ल्याट्रेल नजिकको स्थान, चन्द्रमाको उत्तरपूर्वी नजिकको भागमा मारे क्रिसियममा रहेको एक ज्वालामुखी विशेषतालाई लक्ष्य गरेको छ।

"ल्याण्डरले वास्तवमै राम्रोसँग व्यवहार गरेको छ", ब्लु घोस्टका कार्यक्रम प्रबन्धक रे एलेन्सवर्थले अस्टिन, टेक्साससमा मिसन कन्ट्रोलबाट प्रत्यक्ष वेबकास्टमा भन्नुभयो, "हामीसँग कुनै ठूला विसङ्गतिहरू छैनन्, जुन अद्भुत छ।"

"हामी अमेरिकालाई पहिलो स्थानमा राख्दैछौँ, हामी अमेरिकालाई गर्वित तुल्याउँदै छौँ, हामी यो अमेरिकी नागरिकहरूका लागि गर्दैछौँ", नासाकी कार्यवाहक निर्देशक जानेट पेट्रोले भन्नुभयो।

'घोस्ट राइडर्स इन द स्काई' को उपनाम दिइएको यो मिशन पहिलो निजी चन्द्र अवतरणको एक वर्षभन्दा अलि बढी समयपछि आएको छ र यो आर्टेमिस कार्यक्रमलाई समर्थन गर्न र खर्च कम गर्न उद्योगसँगको नासा साझेदारीको हिस्सा हो। यो कार्यक्रमले अन्तरिक्ष यात्रीहरूलाई चन्द्रमामा फिर्ता गर्ने लक्ष्य राखेको छ।

हिप्पोपोटामसको आकारको सुनौलो ल्याण्डर जनवरी १५ मा स्पेसएक्स फाल्कन ९ रकेटमा प्रक्षेपण गरिएको थियो र यसले बाटोमा पृथ्वी र चन्द्रमाको आश्चर्यजनक फुटेज खिचेको थियो। यसले मे महिनामा अवतरण प्रयास गर्ने जापानी कम्पनीको अवतरणकर्तासँग यात्रा साझा गरेको थियो।

ब्लु घोस्टले १० वटा उपकरणहरू बोकेको छ। यसमा चन्द्र माटो विश्लेषक, विकिरण-सहिष्णु कम्प्युटर र चन्द्रमामा नेभिगेट गर्न विद्यमान ग्लोबल स्याटेलाइट नेभिगेसन प्रणाली प्रयोग गर्ने सम्भाव्यता परीक्षण गर्ने प्रयोग समावेश छ।

पूर्ण चन्द्र दिन (१४ पृथ्वी दिन) का लागि सञ्चालन गर्न डिजाइन गरिएको ब्लु घोस्टले मार्च १४ मा पृथ्वीले चन्द्रमाको क्षितिजबाट सूर्यलाई रोकेको बेला पूर्ण ग्रहणको उच्च परिभाषा इमेजरी खिच्ने अपेक्षा गरिएको छ। मार्च १६ मा यसले चन्द्र सूर्यास्त रेकर्ड गर्नेछ। अपोलो अन्तरिक्ष यात्री युजिन सर्नानले पहिलो पटक दस्तावेज गरेको रहस्यमय चन्द्र क्षितिज चमक सिर्जना गर्दै यसले सौर्य प्रभावमा धुलो सतहभन्दा माथि कसरी उठछ भन्ने विषयमा अन्तर्दृष्टि प्रदान गर्नेछ।

# माओवादीका लागि मधेशी जनसमर्थन निर्णायक रहेको छ : प्रचण्ड



**दैनिक समाचारदाता**
**धनुषा, १८ फागुन ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पुराना दलको सहकार्यले उनीहरुभित्रको रोग माओवादीमा संक्रमण भएकाले रोगको उपचार खोज्न जनताको बीचमा आएको बताएका छन् ।

जनतासँग माओवादी, तराई मधेस जागरण अभियानअन्तर्गत धनुषाको हंसपुर नगरपालिकामा आयोजित जागरण तथा खबरदारी सभालाई सम्बोधन गर्दै प्रचण्डले माओवादीका लागि मधेशी जनसमर्थन निर्णायक रहेको दावी गरे ।

कहिले कांग्रेस र कहिले एमालेसँग सहकार्य गर्दागर्दा उनीहरूको रोग माओवादीभित्र पनि देखिन थालेकाले पार्टीभित्र विभिन्न तहका परामर्श बैठकबाट रोग पहिचान गरेर यसको उपचार गर्ने डाक्टर जनता मात्रै हुन भन्ने निष्कर्षसहित उपचार खोज्न जनताको बीचमा आएको उनको स्पष्टीकरण थियो । माओवादीप्रति विश्वास गरेका लाखौं लाख जनताको विश्वास कायम राख्न नसक्नु कमजोरी भएको बताएका प्रचण्डले सबैभन्दा पहिले आफ्ना कमीकमजोरी सच्याएर जनतातिर फर्कन केन्द्रीय समिति बैठकले दिएको निर्देशनअनुसार पार्टीको सन्देश बोकेर यो अभियान शुरु गरेको बताएका थिए ।

अध्यक्ष प्रचण्डले हुलाकी मार्ग केन्द्रित अभियानले दक्षिण नेपालको रुपरेखा फेर्न सहयोग गर्ने बताएका छन् । लामो समय अलपत्र परेको हुलाकी मार्ग अघि बढाउन आफूले २०७३ मा प्रधानमन्त्रीको रुपमा भारत भ्रमण गर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छलफल गरी सहयोग सुचारु गरेपछि योजना अघि बढेको समेत उनले दावी गरे ।

प्रतिक्रियावादी दिशा उन्मुख रहेकाले नक्कली मधेसवादी दलसँग सावधान रहन समेत प्रचण्डले जनतालाई अपिल गरे । मधेसको मुक्तिविना देशको मुक्ति सम्भव छैन भन्ने दृढ मान्यताका साथ पार्टीले सबैभन्दा पहिले मधेसी मुक्ति मोर्चा गठन गरेर जनयुद्ध थालनी गरिएको स्मरण गरेका प्रचण्डले मधेससँगै वर्गीय मुक्तिका लागि जीवन आहुति दिने एक हजार तीन सय मधेसका सहिद सहित मधेस मुक्तिका लागि ज्यान गुमाउने सबै सहिदका सपनाको जिम्मेवारी पनि अब माओवादीले लिने प्रतिबद्धता जनाएका छन् ।

मधेश अभियानका क्रममा आइतवार पनि धनुषाको हंसपुर नगरपालिकामा विभिन्न पार्टी परित्याग गरेका ५० वना कार्यकर्ताहरु माओवादी केन्द्रमा प्रवेश गराउँदा प्रचण्डले उनीहरुको स्वागत गरेका छन् । अध्यक्ष प्रचण्डले नवप्रवेशीलाई माला टिका र गम्छा ओढाएर पार्टीमा प्रवेश गराएका थिए । पार्टी प्रवेश गर्नेहरुमा काग्रेस क्षेत्रीय प्रतिनिधि निरस राइन, एमालेका राकेश सहनी, जसपाका वडा अध्यक्षका प्रत्यासी रामु मुखिया सहित नेता कार्यकर्ता रहेका छन् ।

## बिटौरी र ब्लक...

उनले शान्तिपुर्ण आन्दोलनमा प्रहरीले हस्तक्षेप गरी मुठभेड निम्त्याउन खोजेको तर आफुहरुले संयमता देखाउँदा ठुलै अप्रिय घटना हुन नपाएको बताए ।

संघर्ष समितिले नगरको करिब ६८ विगहा क्षेत्रफलमा बिटौरी तथा ब्लक जग्गामा पुस्तौ देखी वसोवास गर्दै आएका करिब ५ हजार २ सय परिवार अहिले सम्म लालपुर्जा पाउन नसकेको भन्दै अविलम्व लालपुर्जा उपलब्ध गराउनु पर्ने प्रमुख माग उठाएका छन ।

पहिलो चरणमा संघर्ष समितिले फागुन १८ गते राजविराज बजार बन्द, फागुन २१ गते नगरमा कालो झण्डा झुण्डयाउने, फागुन २५ गते राजविराजस्थित नापी र मालपोत कार्यालयमा तालाबन्दी तथा चैत ४ गतेदेखी स्थानीय गजेन्द्र चौकमा अनिश्चितकालिन रिले अनसन लगायतका आन्दोलन कार्यक्रम घोषणा गरेका छन ।

# पाथिभरा क्षेत्रमा आन्दोलनरत पक्षलाई वार्ताका लागि आह्वान

काठमाडौं, १८ फागुन (रासस) ।

गृहमन्त्री रमेश लेखकले ताप्लेजुङको पाथिभरा क्षेत्रमा आन्दोलनरत पक्षलाई वार्ताका लागि आह्वान गर्नुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरुले राख्नुभएको प्रश्नको जवाफ दिने क्रममा लेखकले हाल उक्त क्षेत्रमा सुरक्षा निकायले उच्च संयमता अपनाएको र शान्ति सुरक्षा प्रदान गरिरहेको जानकारी दिँदै आन्दोलनरत पक्षलाई वार्तामार्फत समाधान खोज्न आह्वान गर्नुभएको हो ।

मन्त्री लेखकले केबुलकार निर्माणका क्रममा उत्पन्न विवाद र देखा परेका समस्या समाधान गर्न गृह मन्त्रालयले पहलकदमी लिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "सरकार वार्ता र संवादका माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान चाहन्छ, त्यसका लागि सम्बन्धित पक्षसँग वार्ता गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा गत माघ २० गते वार्ता टोली पनि गठन गरिएको छ, वार्ता टोलीले आन्दोलनरत पक्षसँग सहजीकरण गरिरहेको छ, पटक-पटक संवाद पनि भइरहेको छ ।"

मन्त्री लेखकले पछिल्लो समयमा वार्तामा केही अवरोध आएका कारण वार्ता समितिले आन्दोलनरत पक्षलाई वार्ताका लागि यही फागुन १२ गते पुनः आह्वान गरेको जानकारी दिनुभयो । आन्दोलनरत पक्षबाट उठाइएका सामाजिक, धार्मिक, सांस्कृतिक स्थानीय समुदायका समस्यालाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ । उहाँले शान्तिपूर्ण तवरबाट समस्याको समाधान गर्ने विषयलाई सरकारले अत्यन्त गम्भीरतापूर्वक लिएको प्रष्ट पार्नुभयो ।

मन्त्री लेखकले केबलकार निर्माणका लागि वन क्षेत्रको प्रयोग गर्न दिने र त्यस क्षेत्रमा रहेका रुख बिरुवा हटाउन स्वीकृति दिने गरी सरकारको मन्त्रिपरिषद्बाट २०७५ साल पुस १६ गते नै निर्णय भएको जानकारी गराउनुभयो ।

"केबलकार निर्माण गर्ने कार्य पहिलेदेखि नै सुरु भएको थियो, निर्माणाधीन आयोजनाको सुरक्षार्थ तत्कालका लागि बटन स्टेसनमा सशस्त्र प्रहरी बल नेपालको सुरक्षा व्यवस्था क्याम्प स्थापना गर्ने सन्दर्भमा नेपाल प्रहरीसँगको सहकार्यमा परिचालन हुने गरी सुरक्षा व्यवस्थापन मिलाउन २०८० साल माघ २ गते तत्कालीन उपप्रधान तथा गृहमन्त्रीस्तरबाट निर्णय भएको थियो", उहाँले भन्नुभयो । सोही अनुरुप सुरक्षाको निमित्त सोही ठाउँमा सशस्त्र प्रहरी र नेपाल प्रहरी खटिएको उहाँको भनाइ छ ।

# कंचनरूप मेयर कप राजबिराज र छिन्नमस्ता बिजयी

**दैनिक समाचारदाता**
**राजबिराज, १८ फागुन ।**

सप्तरीको कंचनरूप नगरपालिकाद्वारा संचालित मेयर कप दोस्रो सिजनको खेलमा आइतबार सम्पन्न पहिलो खेलमा राजबिराज र दोश्रो खेलमा छिन्नमस्ता बिजयी भएका छन् ।

राजबिराज नगरपालिकाले बोदेबरसाईनलाई ५ बिकेट पराजित गर्दै बिजयी भएको छ भने छिन्नमस्ताले रूपनीलाई १८ रनले पराजित गरेको हो ।

सम्पन्न पहिलो खेलमा बोदेबरसाईनले दिएको ८१ रनको लक्ष्य राजबिराजले ९ ओभर ५ बलमा ५ बिकेट गुमाएर बिजयी भएको हो । टिमलाई जिताउन भिम यादबले उत्कृष्ट ब्याटिंग गर्दै ४४ रनको पारी खेलेपछि जित सहज भएको हो । यसैगरीमा प्रियान्सु कर्ण १६ रन र बिजय यादबले अविजित १० रन जोडेका थिए । यता बलिङतर्फ बोदेबरसाईनका राजिव यादबले २ बिकेट लिएका थिए ।

टस जितेर बोदेबरसाईन नगरपालिकाले निर्धारित १२ ओभरको खेलमा ४ बिकेट गुमाएर ८२ रनको योगफल खडा गरेका थिए । जसमा गौरब साहले २३ रन अविजित रोशन यादबले २२ रन तथा आर्दश यादबले १६ रन अविजित खेलेका थिए । बलिङतर्फ राजबिराजका जितेन्द्र यादब २ बिकेट तथा बिजय यादब र सुशान्तले १/१ बिकेट हात पारेका थिए ।

यस्तै दोश्रो खेलमा छिन्नमस्ता गाउपालिकाले दिएको १ सय ३८ रनको लक्ष्य रूपनीले निर्धारित १६ ओभरको खेलमा ७ बिकेट गुमाएर १ सय २० रन मात्र बनाउन सकेका थिए । बलिङतर्फ छिन्नमस्ताका गुणानन्द राय र रितिक यादबले २/२ बिकेट तथा रेवति राय, संजिव यादब, छेत्री रायले १/१ बिकेट लिएका थिए । रूपनीले टस जितेर छिन्नमस्तालाई ब्याटिंग गर्न दिए पछि निर्धारित १६ ओभरमा १ सय ३८ रन बनाएका थिए । जसमा रमेश यादबले उत्कृष्ट ब्याटिंग गर्दै ६८ रन बनाएपछि ठुलो स्कोर गर्न सफल भएको थियो, यसैगरी रबिन यादबले पनि ३७ रन जोडेका थिए । बलिंङतर्फ रूपनीका अभिषेक दास ३ बिकेट, अनोज यादब २ बिकेट तथा असोक मेहता र अभिषेक साहले १/१ बिकेट लिएका थिए ।

पहिलो खेलमा राजबिराजका भिम यादब तथा दोश्रो खेलमा छिन्नमस्ताका रमेश यादब प्लेयर अफ दि म्याच घोषित भएको आयोजक समितिका आकाश गुप्ताले जानकारी दिए ।

# स्थानीय तहमै आगलागी नियन्त्रण समिति गठनको माग

काठमाडौँ, १८ फागुन (रासस) ।

राष्ट्रियसभाका सांसद नारायणदत्त मिश्रले मुलुकका विभिन्न ठाउँमा विभिन्न कारणले आगलागीका घटना बढ्नसक्ने उल्लेख गर्दै सम्बन्धित विषयमा पूर्वतयारीबारे सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

उहाँले भन्नुभयो, "यसपटक पानी कम परेको छ, आगलागीका घटना बढ्नसक्छन्, सरकारले स्थानीय तहमै आगलागी नियन्त्रण समिति अहिले नै गठन गर्नुपर्छ, स्थानीयलाई नै जिम्मेवार बनाउनुपर्छ, उनीहरुलाई उचित तालिमको साथै तराईमा एक घण्टा र पहाडमा २० मिनेटमा पुग्ने गरी वारुणयन्त्रको व्यवस्था गर्नुपर्छ ।" आगलागी नियन्त्रणका लागि सामुदायिक वन समितिको सक्रियतामा प्रहरी र नेपाली सेनालाई समेत तयारीका साथ राख्नुपर्ने उहाँको भनाइ छ ।

सांसद मिश्रले पछिल्लो पटक काठमाडौँस्थित बबरमहलमा मेलम्चीको पानीको पाइप फुटेर स्थानीयलाई समस्या भएको घटना उल्लेख गर्दै सो घटनालाई समेत मध्यनजर राखेर सहरमा सडक, खानेपानी, ढल र विद्युत् आदिको व्यवस्थापनको निम्ति समन्वय समिति बनाउनुपर्ने माग गर्नुभयो ।

उहाँले भन्नुभयो, "विपत् व्यवस्थापन गर्नका लागि सरकार बेलैमा सचेत रहनुपर्छ, होइन भने एकातिर सधैँ सडकको दूरदशा, अर्कोतिर खर्च बढी हुने र दुर्घटनाको पनि जोखिम बढ्छ ।"


रक्तदान गरौं

➢ हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
➢ हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
➢ १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
➢ रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
➢ रक्तदानमा कुनै धर्म र जात हुँदैन,
➢ रक्तदान महादान र जीवन दान हो ।

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np